## वनपैदावार लिलाम बिक्रीको विस्तृत सूचना

### कालिका पिपलटार सामुदायिक वन उपभोक्ता समूह, ईच्छाकामना -७, चितवन

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम बढाबढको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/१०/०१

यस श्री कालिकापिपलटार सामुदायिक वन उपभोक्ता समूह, ईच्छाकामना-७, चितवनको वनबाट आ.व. २०८१/०८२ मा उत्पादित समूहको कम्पाउण्ड स्थल घाटगद्धीमा राखिएको तपसिल वमोजिम निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक काठ/दाउराको कारोवार गर्ने व्यक्ति, संघ/संस्था, उद्योग,फर्म वा कम्पनीले यो सूचना सञ्चार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २० औं दिन भित्र वोलपत्र खरिद गरी २१ औं दिन भित्र वोलपत्र फाराम शिलवन्दी पेश गर्नुहुन काठ/दाउरा बोलपत्र लिलाम बिक्रीको सुचना आवहान गरिन्छ ।

तपसिल :-

१. लिलाम हुने वनपैदावारको विवरण :-

लट नं. १/२०८१/२०८२

| वनपैदावारको | | | | | | न्यूनतम मूल्य रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जात | किसिम | ग्रेड | थान | परिमाण(क्यू.फि.) | दररेट | जम्मा रकम | |
| १ | साल | गोलिया | A | ५५ | ९२१.८२ | रु. १२५०।०० | रु. ११,५२,२७५।०० | कटानमुछान खर्च १३७।५० प्रति क्यू.फि. का दरले थप लाग्नेछ । |
| २ | साल | गोलिया | B | २८ | १९३.६८ | रु. ९००।०० | रु. १,७४,३१२।०० | |
| ३ | साल | गोलिया | C | १८ | ७२.६५ | रु. ६००।०० | रु. ४३,५९०।०० | |
| ४ | साल | गोलिया | D | ६ | ७.८४ | रु. ३००।०० | रु. २,३५२।०० | |
| | जम्मा | | | १०७ | ११९५.९९ | | रु.१३,७२,५२९।०० | |
| ५ | साल | दाउरा | | चट्टा | ०.५ | रु.१२,०००।०० | रु. ६,०००।०० | कटानमुछान खर्च रु.१५,०००।०० प्रति चट्टाका दरले थप लाग्नेछ। |
| जम्मा | | | | | ०.५ | | रु.६,०००।०० | |
| कुल जम्मा | | | | | | | रु.१३,७८,५२९।०० | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :-

क) खरिद गर्नुपर्ने अन्तिम मिति २०८१/१०/२० गते कार्यालय समय भित्र ।

ख) दाखिला मिति २०८१/१०/२१ गते वा सार्वजानिक विदा परेको खण्डमा त्यसको भोलि पल्ट कार्यालय खोलिएको दिनको १२:०० बजे भित्र ।

३. बोलपत्र साथ कवोल गरेको रकम को १०% (दश प्रतिशत) ले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नं. ०२४००१०६३५९०८६००००१ मा नगद जम्मा गरेको संक्कल बैंक भौचर समावेश गरेको हुनुपर्नेछ ।

४. वोलपत्र फाराम खरिद बापतको रकम रु १०००।०० पछि फिर्ता नहुने गरी समुहको नाममा रहेको नेपाल बैंक लिमिटेडको खाता नं. ०२४००१०६३५९०८६००००१ मा नगद जम्मा गरेको भौचर वा नगदी रसिद पेश गरी यस सामुदायिक वन उपभोक्ता समुह र डिभिजन वन कार्यालय चितवनबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. लिलाम वढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र श्री कालिका पिपलटार सामुदायिक वन उपभोक्ता समूहको कम्पाउण्ड स्थलमा रहेको घाटगद्धी स्थानमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित कारोबार गर्ने उद्योग वा कम्पनीको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, नागरिकता प्रमाणपत्रको प्रतिलिपी, प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी र वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपीका साथ बोलपत्र पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनत्तम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/१०/२१ गते दिनको १ बजे समूहको कार्यालयमा साक्षीहरुको रोहोवरमा खोलिने छ ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५ दिन भित्र सकार रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वनपैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ । सकारकर्ताले बोलपत्रमा सकार गरिएको भनि भरेको रकम अङ्क र अक्षर मध्ये फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।